# **सामाजिक सञ्जालको प्रयोग तथा नियमन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक**

**प्रस्तावनाः** सामाजिक सञ्जालको प्रयोगलाई मर्यादित, सुरक्षित र व्यस्थित प्रयोग गर्न तथा सामाजिक सञ्जालको दुरुपयोगको कारण व्यक्ति र समाजमा पर्न सक्ने नकारात्मक प्रभावलाई निरुत्साहित गरी सामाजिक सद्भाव, सांस्कृतिक सहिष्णुता र सुशासन प्रवर्द्धन गर्न सामाजिक सञ्जालका प्लेटफर्म सञ्चालक र प्रयोगकर्तालाई जिम्मेवार र जवाफदेही बनाई सामाजिक सञ्जालको सञ्चालन, व्यवस्थापन तथा नियमन गर्ने सम्बन्धमा आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ।

## परिच्छेद-१

## **प्रारम्भिक**

१. **संक्षिप्त नाम, प्रारम्भ र विस्तारः** (१) यस ऐनको नाम "सामाजिक सञ्जाल (प्रयोग तथा नियमन) ऐन, २०८०" रहेको छ।

(२) यो ऐन नेपालभर लागु हुनेछ र नेपाल बाहिर बसी नेपाल वा नेपाली नागरिक विरुद्ध यस ऐन बमोजिमको कसूर गर्ने व्यक्तिको हकमा समेत लागु हुनेछ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा**: (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "बालबालिका" भन्नाले अठार वर्ष उमेर पूरा नगरेको व्यक्ति सम्झनु पर्छ।

(ख) "मन्त्रालय" भन्नाले नेपाल सरकारको सञ्चार तथा सूचना प्रविधि मन्त्रालय सम्झनु पर्छ।

(ग) "व्यक्ति" भन्नाले प्राकृतिक व्यक्ति वा कानून बमोजिम दर्ता भएको कुनै कम्पनी, फर्म वा संस्था सम्झनु पर्छ।

(घ) "सम्पर्क विन्दु" भन्नाले सामाजिक सञ्जाल प्लेटफर्म सञ्चालकले सामाजिक सञ्जाल प्रयोगको सम्बन्धमा आएका गुनासो सम्बोधन गर्ने प्रयोजनार्थ नेपालमा स्थापना गरेको कार्यालयलाई सम्झनु पर्छ र सो शब्दले सामाजिक सञ्जाल प्लेटफर्म सञ्चालकले सो प्रयोजनको लागि तोकेको व्यक्ति समेतलाई जनाउनेछ।

(ङ) "सम्बद्ध निकाय" भन्नाले देहायका निकाय वा कार्यालय सम्झनु पर्छः-

(१) सूचना तथा प्रसारण विभाग,

(२) विज्ञापन बोर्ड,

(३) प्रेस काउन्सिल,

(४) नेपाल दूरसञ्चार प्राधिकरण

(५) नेपाल प्रहरी

(च) "साइबर बुलिङ" भन्नाले विद्युतीय सञ्चार उपकरण प्रयोग गरेर इमेल पठाई वा, फेसबुक, टिकटक, ट्वीटर, भाइबर, पिन्टरेस्ट, ह्वाट्सएप, म्यासेन्जर, इन्स्टाग्राम, युट्युब, लिन्क्डइन, विच्याट, च्याटरूम र वेबसाइट जस्ता सोसल नेटवर्क आदिको प्रयोग गरेर अक्षर, चित्र, आवाज, सङ्केत र दृष्य आदि पोस्ट, सेयर, कमेन्ट, लाइभ स्ट्रिमिङ, रिपोस्ट, ट्याग वा मेन्सन

गरेर अन्य व्यक्तिलाई निराश हतोत्साहित त्रसित बनाउने, धम्क्याउने, हैरान पार्ने, गालीगलौज गर्ने, गलत सूचना सम्प्रेषण गर्ने लगायतका कार्य सम्झनु पर्छ।

(छ) "सामाजिक सञ्जाल" भन्नाले सामाजिक सञ्जाल प्लेटफर्मले कम्प्युटर, इन्टरनेट लगायतका विद्युतीय सञ्चार माध्यमबाट उपलब्ध गराएको सुविधा र विधि अनुरुप कुनै व्यक्ति, समूह वा संस्थालाई एक अर्कासँग अन्तरक्रियात्मक सञ्चार गर्न सक्ने सुविधा तथा प्रयोगकर्ताले निर्माण गरेका विषयवस्तु प्रसार गर्ने सुविधा समेत प्रदान गर्ने समूह, ब्लग, एप लगायतका सञ्जाल सम्झनु पर्छ।

(ज) "सामाजिक सञ्जालको दुरुपयोग" भन्नाले प्रचलित कानून बमोजिम सार्वजनिक रुपमा प्रचार प्रसार गर्न रोक लगाइएका सामाग्री सामाजिक सञ्जालमा प्रकाशन वा प्रसारण गर्ने, कुनै अपराध गर्नका लागि सामाजिक सञ्जालको प्रयोग गर्ने वा यस ऐन बमोजिमको अन्य कुनै कसूर गर्ने कार्य सम्झनु पर्छ।

(झ) "सामाजिक सञ्जालको प्रयोग" भन्नाले व्यक्ति, समूह वा संस्थागत पहिचान हुने गरी कुनै अक्षर, चित्र, आवाज, सङ्केत र दृष्यलाई सार्वजनिक रुपमा प्रयोगमा आएको सामाजिक सञ्जालमा पोस्ट, सेयर, कमेन्ट, लाइभ स्ट्रिमिङ, रिपोस्ट, ट्याग वा मेन्सन गर्ने लगायतका कार्य सम्झनु पर्छ।

(ञ) "सामाजिक सञ्जाल प्लेटफर्म" भन्नाले इन्टरनेट प्रयोगकर्ता व्यक्ति र समुदायका बीच विचार र जानकारी साझा गर्ने र सामाजिक अन्तरक्रिया गर्नका लागि विद्युतीय प्रविधिको माध्यमद्वारा साइबरस्पेसमा सिर्जना गरिएको एप, नेटवर्क, ब्लग, AI tools लगायतका सार्वजनिक रुपमा उपलब्ध प्लेटफर्म सम्झनु पर्छ।

(ट) "सामाजिक सञ्जाल व्यवस्थापन केन्द्र" भन्नाले दफा ६ बमोजिमको सामाजिक सञ्जाल व्यवस्थापन केन्द्र सम्झनु पर्छ।

(ठ) "सूचना प्रविधि" भन्नाले कम्युटर तथा कम्प्युटर प्रणालीको प्रयोग गरिएका सबै स्वरुपका सूचना सृजना गर्ने, उत्पादन गर्ने, सम्प्रेषण गर्ने, प्राप्त गर्ने, भण्डारण वा संरक्षण गर्ने प्रविधि सम्झनु पर्छ।

(ड) "हेट स्पीच" भन्नाले पोस्ट, सेयर वा कमेन्ट गरेको विषयले व्यक्ति, समूह वा समुदायमा हिंसा फैलने, सामाजिक सद्भाव बिग्रने लगायतका दुष्परिणाम निस्कन सक्ने खालका आवाज, शब्द, तस्विर, भिडियो सम्झनु पर्छ।

## परिच्छेद-२

## <u>सामाजिक सञ्जाल नियमन संरचना</u>

३. **<u>सामाजिक सञ्जाल व्यवस्थापन परिषद्:</u>** (१) सामाजिक सञ्जालको सञ्चालन र प्रयोगलाई व्यवस्थित र नियमित गर्नका लागि आवश्यक नीतिगत व्यवस्था गर्न एक सामाजिक सञ्जाल व्यवस्थापन परिषद रहनेछ।

(२) उपदफा (१) बमोजिमको परिषद्मा देहाय बमोजिमका अध्यक्ष तथा सदस्य रहनेछन्:-

(क) सञ्चार तथा सूचना प्रविधि मन्त्री -अध्यक्ष

(ख) सचिव, मन्त्रालय -सदस्य

(ग) अध्यक्ष, नेपाल दूरसञ्चार प्राधिकरण -सदस्य

(घ) सामाजिक सञ्जाल प्लेटफर्मका सञ्चालक वा त्यस्तो सञ्चालकहरुको सङ्घ संस्थाबाट प्रतिनिधित्व हुने गरी मन्त्रालयले मनोनयन गरेको कम्तीमा एकजना महिला सहित दुई जना -सदस्य

(ङ) महानिर्देशक, सूचना प्रविधि विभाग -सदस्य

(च) सहसचिव, मन्त्रालय -सदस्य

(छ) प्रमुख, सामाजिक सञ्जाल व्यवस्थापन केन्द्र -सदस्य-सचिव

४. **परिषद्को काम, कर्तव्य अधिकार:** परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सामाजिक सञ्जालको सञ्चालन र प्रयोगका सम्बन्धमा नीतिगत व्यवस्था गर्ने,

(ख) सामाजिक सञ्जालको नियमन सम्बन्धी अध्ययन अनुसन्धान गरी कानूनी व्यवस्था परिमार्जन गर्न नेपाल सरकारलाई सिफारिस गर्ने,

(ग) सामाजिक सञ्जालका सञ्चालक र प्रयोगकर्ताले पालना गर्नुपर्ने शर्तहरु निर्धारण गर्ने,

(घ) सामाजिक सञ्जाल व्यवस्थापन केन्द्रको काम कारबाहीको अनुगमन गरी आवश्यक निर्देशन दिने,

(ङ) तोकिए बमोजिमका अन्य कार्य गर्ने।

५. **परिषद्को बैठक:** (१) परिषद्को बैठक आवश्यकता अनुसार कम्तीमा वर्षको तीन पटक बस्नेछ।

(२) परिषद्को बैठक परिषद्को अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) परिषद्को कुल सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा परिषद्को बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(४) परिषद्को बैठकको अध्यक्षता परिषद्को अध्यक्षले गर्नेछ।

(५) परिषद्को बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा परिषद्को अध्यक्षले निर्णायक मत दिनेछ।

(६) परिषदको निर्णय परिषदको अध्यक्ष र सदस्य-सचिवबाट प्रमाणित गरिनेछ।

(७) परिषद्ले आवश्यकता अनुसार सम्बन्धित विषयको विशेषज्ञलाई परिषद्को बठकमा आमन्त्रण गर्न सक्नेछ।

(८) परिषदको बैठक सम्बन्धी अन्य कार्यविधि परिषद आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

६. **सामाजिक सञ्जाल व्यवस्थापन केन्द्र:** (१) सामाजिक सञ्जालको सञ्चालन, व्यवस्थापन र नियमन सम्बन्धी नियमित तथा प्रशासनिक काम गर्नको लागि मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी कुनै निकायलाई सामाजिक सञ्जाल व्यवस्थापन केन्द्रको रुपमा तोक्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम सामाजिक सञ्जाल व्यवस्थापन केन्द्र नतोकिएसम्मको लागि मन्त्रालयको सूचना प्रविधि महाशाखाले सामाजिक सञ्जाल व्यवस्थापन केन्द्रको काम गर्नेछ।

७. **सामाजिक सञ्जाल व्यवस्थापन केन्द्रको काम, कर्तव्य र अधिकार:** यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त सामाजिक सञ्जाल व्यवस्थापन केन्द्रको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सामाजिक सञ्जाल प्लेटफर्मको नियमित अनुगमन तथा निरीक्षण गरी प्रकाशन र प्रशारण गर्न उपयुक्त नदेखिएका सामग्री हटाउनको लागि सम्बन्धित सामाजिक सञ्जाल प्लेटफर्मलाई सम्पर्क विन्दुमार्फत निर्देशन दिने,

(ख) तुरुन्त प्रतिक्रिया जनाउन (रेस्पोन्स) सक्ने गुनासो सुन्ने प्रणाली विकास गरी गुनासो सुनुवाई संयन्त्र क्रियाशील बनाउने,

(ग) परिषद तथा मन्त्रालयका निर्णय तथा निर्देशन पालना गर्ने, गराउने,

(घ) यस ऐन बमोजिम दर्ता नभएका वा सञ्चालन गर्न उपयुक्त नदेखिएका सामाजिक सञ्जाल पहिचान गरी बन्द गर्न मन्त्रालय समक्ष सिफारिस गर्ने,

(ङ) सम्पर्क विन्दुहरुसँग समन्वय र सहकार्य गरी सामाजिक सञ्जालमार्फत जनचेतनाका सामग्री प्रकाशन र प्रशारण गर्ने,

(च) सामाजिक सञ्जालको प्रयोगका सम्बन्धमा सर्वेक्षण गरी सिफारिस सहितको प्रतिवेदन परिषद् र मन्त्रालयमा पेश गर्ने,

(छ) सामाजिक सञ्जाल प्लेटफर्म र सामाजिक सञ्जाल प्रयोगकर्तालाई नैतिकता र मर्यादामा रही विषयवस्तु सम्प्रेषण गर्न अभिमुखीकरण गर्ने

(ज) इकाइको काम कारबाहीको मासिक प्रगति प्रतिवेदन तयार गरी मन्त्रालय र परिषद्मा पेश गर्ने,

(झ) सामाजिक सञ्जालको प्रयोगसँग सम्बन्धित गुनासो दर्ता गरी त्यस्तो गुनासोको तुरुन्त प्रतिक्रिया गर्ने प्रणाली विकास गर्ने,

(ञ) सम्बद्ध निकाय वा अन्य निकाय समेतको सहभागिता रहने गरी सामाजिक सञ्जालको व्यवस्थित प्रयोगत तथा नियमन सम्बन्धमा समन्वय बैठक आयोजना गर्ने,

(ट) सार्वजनिक जवाफदेहीको पदमा बहाल रहेको व्यक्तिले यस ऐन विपरीतको कार्य गरेको पाइएमा कारबाहीको लागि सम्बन्धित निकायमा लेखी पठाउने,

(ठ) तोकिए बमोजिमका अन्य कार्य गर्ने।

८. **सम्बद्ध निकाय:** (१) सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित बनाई सामाजिक सञ्जालको दुरुपयोगबाट पीडित व्यक्तिको गुनासो व्यवस्थापन गर्न देहायका कार्यालय वा निकाय सम्बद्ध निकायको रुपमा रहनेछन्:-

(क) सूचना तथा प्रसारण विभाग,

(ख) विज्ञापन बोर्ड,

(ग) प्रेस काउन्सिल नेपाल,

(घ) नेपाल दूरसञ्चार प्राधिकरण,

(ङ) नेपाल प्रहरी।

(२) सम्बद्ध निकायको जिम्मेवारी देहाय बमोजिम हुनेछः-

(क) गुनासो सुनुवाइ सम्बन्धी कार्यमा खटिने जनशक्तिको क्षमता अभिवृद्धि गर्ने,

(ख) सामाजिक सञ्जालको दुरुपयोगबाट पीडित भएका व्यक्तिबाट आउने गुनासो सम्बोधन गर्न सम्पर्क व्यक्ति (फोकल पर्सन) तोक्ने,

(ग) सामाजिक सञ्जाल सम्बन्धी गुनासो छानबिन गर्दा सामाजिक सञ्जालको कुनै सामग्री हटाउनुपर्ने देखिएमा सोको लागि सम्बन्धित सामाजिक सञ्जाल प्लेटफर्मको सम्पर्क बिन्दुमा लेखी पठाउने,

(घ) सामाजिक सञ्जाल प्रयोगकर्ताको हित र सुरक्षाको लागि आवश्यक सचेतना र शिक्षामूलक कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(ङ) यस ऐन बमोजिमका गुनासो सम्बोधन सम्बन्धी कार्यको विवरण त्रैमासिक रूपमा मन्त्रालयमा पेश गर्ने,

(च) तोकिए बमोजिमका अन्य कार्य गर्ने।

परिच्छेद-३

## सामाजिक सञ्जाल प्लेटफर्म दर्ता र सञ्चालन

९. **सामाजिक सञ्जाल प्लेटफर्म दर्ता गर्नु पर्नेः** (१) सामाजिक सञ्जाल प्लेटफर्म सञ्चालन गर्न चाहने व्यक्ति, कम्पनी वा संस्थाले यस ऐन बमोजिम सामाजिक सञ्जाल व्यवस्थापन केन्द्रमा दर्ता गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सामाजिक सञ्जाल प्लेटफर्म दर्ता गर्न चाहने व्यक्ति, कम्पनी वा संस्थाले देहायको कागजात संलग्न गरी तोकिए बमोजिमको ढाँचामा सामाजिक सञ्जाल व्यवस्थापन केन्द्रमा निवेदन दिनु पर्नेछः-

(क) कम्पनी वा संस्थाको प्रबन्धपत्र र नियमावली,

(ख) कम्पनी वा संस्था दर्ताको प्रमाणपत्र,

(ग) कम्पनीको स्थायी लेखा नम्बर प्रमाणपत्र,

(घ) कम्पनी अद्यावधिक भएको पत्र,

(ङ) अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र,

(च) कम्पनी वा संस्थाको सञ्चालक समितिको विवरण,

(छ) सामाजिक सञ्जाल प्लेटफर्म दर्ता गराउने सम्बन्धमा कम्पनी वा संस्थाको निर्णय,

(ज) शेयरधनीको लगत विवरण,

(झ) विदेशी लगानीकर्ताले शेयर लगानी गरेको भए सो सम्बन्धी विवरण,

(ञ) निवेदक नेपाली नागरिक भए नागरिकता प्रमाणपत्र र विदेशी भए राहदानीको प्रतिलिपि,

(ट) सामाजिक सञ्जालको गोपनीयता नीति (प्राइभेसी पोलिसी), डाटा प्रयोग नीति (डाटा युजेज पोलिसी), सूचना सुरक्षा नीति (इन्फर्मेसन सेक्युरिटी पोलिसी),

(ठ) प्राविधिक क्षमता र पेशागत दक्षतासँग सम्बन्धित दस्तावेज,

(ड) अनलाइन मार्फत हुने आवेदनको हकमा आधिकारिक प्रतिनिधिको भिडियो के.वाइ.सी.,

(ढ) सामाजिक सञ्जाल प्लेटफर्मले प्रयोगकर्ताका सम्बन्धमा निर्धारण गरेका मापदण्ड,

(ण) सामाजिक सञ्जालमा गुनासो सुनुवाई प्रक्रिया,

(त) नेपालबाहिर मुख्य कार्यालय भएका कम्पनी आ संस्थाको हकमा आधिकारिक प्रतिनिधिको राहदानीको प्रतिलिपि,

(थ) तोकिए बमोजिमका अन्य कागजात।

(३) यो ऐन प्रारम्भ हुनुअघि सञ्चालनमा रहेका सामाजिक सञ्जाल प्लेटफर्मले यो ऐन प्रारम्भ भएको मितिले तीन महिनाभित्र सामाजिक सञ्जाल व्यवस्थापन केन्द्रमा उपदफा (२) बमोजिम निवेदन दिनु पर्नेछ।

(४) उपदफा (२) वा (३) बमोजिमको निवेदन सामाजिक सञ्जाल प्लेटफर्म सञ्चालन गर्ने व्यक्ति, कम्पनी वा संस्थाले आफैं उपस्थित भई वा आफ्नो प्रतिनिधि मार्फत दिन सक्नेछन्। त्यस्तो निवेदन अनलाइन माध्यमबाट समेत दिन सकिनेछ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाका बखत प्रचलित कानून बमोजिम मन्त्रालयमा सूचीकरण भएका सामाजिक सञ्जाल प्लेटफर्म दर्ताको लागि निवेदन दिनु पर्ने छैन।

(६) उपदफा (५) बमोजिमका सामाजिक सञ्जाल प्लेटफर्मले सूचीकरण हुँदाका बखत पेस गरेका सम्पूर्ण कागजात र तत्सम्बन्धी अन्य अभिलेख मन्त्रालयले यो ऐन प्रारम्भ भएको तीन महिनाभित्र सामाजिक सञ्जाल व्यवस्थापन केन्द्रमा पठाउनु पर्नेछ।

(७) उपदफा (६) बमोजिम प्राप्त अभिलेखका आधारमा सामाजिक सञ्जाल व्यवस्थापन केन्द्रले त्यस्तो सामाजिक सञ्जाल प्लेटफर्म दर्ता गर्नेछ।

तर त्यस्तो सामाजिक सञ्जाल प्लेटफर्मले यस ऐन बमोजिमका अन्य दायित्व पूरा गर्नु पर्नेछ।

(८) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि एक लाख जनाभन्दा कम प्रयोगकर्ता हुने गरी सञ्चालन गरिने सामाजिक सञ्जाल प्लेटफर्म दर्ता गर्नु पर्ने छैन।

(९) उपदफा (८) बमोजिमका सामाजिक सञ्जाल प्लेटफर्मलाई सामाजिक सञ्जाल व्यवस्थापन केन्द्रले तोकिए बमोजिम सूचीकरण गर्न सक्नेछ।

१०. **निवेदन उपर जाँचबुझ गर्ने:** (१) दफा ३ बमोजिम परेको निवेदन उपर सामाजिक सञ्जाल व्यवस्थापन केन्द्रले आवश्यक जाँचबुझ गर्नेछ।

(२) उपदफा (१) बमोजिम जाँचबुझ गर्दा सम्बन्धित विशेषज्ञबाट सामाजिक सञ्जाल प्लेटफर्मको सुरक्षा प्रणाली, जोखिम र तोकिए बमोजिमका अन्य प्राविधिक विषयको जाँच गराउन सकिनेछ।

(३) यस दफा बमोजिम जाँचबुझ गर्नको लागि थप विवरण आवश्यक परेमा निवेदकसँग थप जानकारी वा विवरण माग गर्न सकिनेछ।

११. **सामाजिक सञ्जाल प्लेटफर्म दर्ता गर्ने:** (१) दफा ४ बमोजिम जाँचबुझ गर्दा दर्ता गर्न मनासिब देखिएमा सामाजिक सञ्जाल व्यवस्थापन केन्द्रले निवेदन परेको तीन महिनाभित्र सामाजिक सञ्जाल प्लेटफर्म दर्ता गरी निवेदकलाई तोकिए बमोजिमको ढाँचामा सोको निस्सा दिनु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ४ बमोजिम जाँचबुझ गर्दा सम्बन्धित सामाजिक सञ्जाल प्लेटफर्म मुलुकको शान्ति सुरक्षा, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र राष्ट्रहित प्रतिकूल हुने देखिएमा त्यस्तो सामाजिक सञ्जाल प्लेटफर्म दर्ता गर्न सकिने छैन।

(३) उपदफा (१) बमोजिम दर्ता भएका सामाजिक सञ्जाल प्लेटफर्मको मान्य अवधि एक वर्षको हुनेछ।

(४) सामाजिक सञ्जाल प्लेटफर्म दर्ता गर्नको लागि लाग्ने दस्तुर तथा दर्ता सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१२. **<u>दर्ता नवीकरण गर्नेः</u>** (१) सामाजिक सञ्जाल प्लेटफर्म दर्ताको मान्य अवधि समाप्त भएको मितिले तीन महिनाभित्र सामाजिक सञ्जाल प्लेटफर्म सञ्चालन गर्ने व्यक्ति, फर्म वा कम्पनीले दर्ता नवीकरणको लागि तोकिए बमोजिमको दस्तुर संलग्न गरी तोकिए बमोजिमको ढाँचामा सामाजिक सञ्जाल व्यवस्थापन केन्द्रमा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र निवेदन दिन नसक्ने सामाजिक सञ्जाल प्लेटफर्मको सञ्चालकले त्यस्तो अवधि समाप्त भएको तीन महिनाभित्र दोब्बर दस्तुर सहित निवेदन दिन सक्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम दर्ता नवीकरणको लागि निवेदन दिँदा विगत एक वर्षमा सामाजिक सञ्जाल प्लेटफर्मको प्रयोगकर्ताको सङ्ख्या, सामाजिक सञ्जाल प्लेटफर्मको प्रयोगको सम्बन्धमा भए गरेका काम, कारबाही, गुनासो सम्बोधनको अवस्था, सामाजिक सञ्जाल प्लेटफर्मले अपनाएको सुरक्षा प्रणाली र कर चुक्ता गरेको विवरण संलग्न गर्नु पर्नेछ।

(४) उपदफा (१) वा (२) बमोजिम प्राप्त निवेदन उपर जाँचबुझ गर्दा दर्ता नवीकरण गर्न मनासिब देखिएमा सामाजिक सञ्जाल व्यवस्थापन केन्द्रले आगामी एक वर्षको लागि दर्ता नवीकरण गरिदिन सक्नेछ।

(५) सामाजिक सञ्जाल प्लेटफर्मको दर्ता नवीकरण गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१३. **<u>दर्ता खारेज हुनेः</u>** (१) दफा ६ बमोजिम नवीकरण नगराएको सामाजिक सञ्जाल प्लेटफर्मको दर्ता स्वतः खारेज हुनेछ।

(२) देहायको अवस्थामा सामाजिक सञ्जाल व्यवस्थापन केन्द्रले सामाजिक सञ्जाल प्लेटफर्मको दर्ता खारेज गर्नको लागि मन्त्रालय समक्ष सिफारिस गर्न सक्नेछः-

(क) झुट्टा विवरण पेश गरी सामाजिक सञ्जाल प्लेटफर्म दर्ता गरेको प्रमाणित भएमा,

(ख) सामाजिक सञ्जाल प्लेटफर्मले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम पालना गर्नुपर्ने शर्तको पटक पटक उल्लङ्घन गरेमा,

(ग) सामाजिक सञ्जाल प्लेटफर्ममा सोको सञ्चालकले मुलुकको शान्ति सुरक्षा, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र राष्ट्रहित प्रतिकूल सामग्री प्रकाशन गरेमा वा गराएमा,

(घ) सामाजिक सञ्जाल व्यवस्थापन केन्द्र वा सम्बद्ध निकायले दिएको निर्देशन पालना नगरेमा,

(ङ) नेपालमा सम्पर्क विन्दुको व्यवस्था नगरेमा,

(च) गुनासो सुनुवाई संयन्त्रको व्यवस्था नगरेमा।

(३) उपदफा (२) बमोजिम प्राप्त सिफारिस समेतका आधारमा मन्त्रालयले आवश्यक जाँचबुझ गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम मन्त्रालयले जाँचबुझ गर्दा सामाजिक सञ्जाल प्लेटफर्म सञ्चालकलाई पैंतीस दिनको समय दिई दर्ता खारेज गर्नु नपर्ने कुनै मनासिब आधार र कारण भए सो पेस गर्ने मौका समेत दिनु पर्नेछ।

(५) उपदफा (४) बमोजिमको अवधिभित्र कुनै आधार र कारण प्राप्त नभएमा वा प्राप्त भएको आधार र कारण मनासिब नदेखिएमा मन्त्रालयले सामाजिक सञ्जाल प्लेटफर्मको दर्ता खारेज गर्ने निर्णय गरी सोको जानकारी सम्पर्क विन्दु मार्फत सम्बन्धित सामाजिक सञ्जाल प्लेटफर्मको सञ्चालकलाई दिनु पर्नेछ।

(६) उपदफा (५) बमोजिमको दर्ता खारेज गर्ने निर्णयमा चित्त नबुझेमा सम्बन्धित सामाजिक सञ्जाल प्लेटफर्मको सञ्चालकले त्यस्तो निर्णयको जानकारी पाएको मितिले पैंतीस दिनभित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ।

(७) उपदफा (२) वा (३) बमोजिम कुनै सामाजिक सञ्जाल प्लेटफर्मको दर्ता खारेज गर्ने प्रक्रिया प्रारम्भ भई उपदफा (५) बमोजिम दर्ता खारेज गर्ने निर्णय नभएसम्मको अवधिमा त्यस्तो सामाजिक सञ्जाल प्लेटफर्म सुचारू राख्न पाइने छैन।

**१४. <u>पुनः दर्ता गर्न सकिने</u>:** (१) दफा ७ बमोजिम दर्ता खारेज भएका सामाजिक सञ्जाल प्लेटफर्म सञ्चालकले तोकिए बमोजिमको जरिबाना बुझाई यो ऐन र प्रचलित कानून बमोजिमका शर्तहरुको अधीनमा रही पुनः दर्ता हुनको लागि सामाजिक सञ्जाल व्यवस्थापन केन्द्र समक्ष तोकिए बमोजिम निवेदन दिन सक्नेछन्।

(२) उपदफा (१) बमोजिम परेको निवेदन उपर जाँचबुझ गर्दा पुनः दर्ता गर्न मनासिब देखिएमा दफा ३ बमोजिम पुनः दर्ता गर्न सकिनेछ।

**१५. <u>रोक लगाउन सक्ने</u>:** (१) यस परिच्छेद बमोजिम दर्ता नभएको वा दर्ता खारेज भएको सामाजिक सञ्जाल प्लेटफर्मलाई सामाजिक सञ्जाल व्यवस्थापन केन्द्रले नेपालभित्र सञ्चालनमा रोक लगाउन सक्नेछ।

तर नागरिक शिक्षा तथा सामाजिक सशक्तीकरणमा मात्र केन्द्रित भई सञ्चालनमा रहेका सामाजिक सञ्जाल प्लेटफर्मलाई यो प्रावधान लागू हुने छैन।

(२) उपदफा (१) बमोजिम रोक लगाइएको सामाजिक सञ्जाल प्लेटफर्मलाई सम्पूर्ण इन्टरनेट सेवा प्रदायकहरुले बन्द गर्नु पर्नेछ।

## परिच्छेद-४

## <u>सामाजिक सञ्जाल प्लेटफर्म सञ्चालकले पालना गर्नुपर्ने शर्तहरु</u>

**१६. <u>सामाजिक सञ्जाल प्लेटफर्म सञ्चालकले पालना गर्नु पर्ने शर्तहरु</u>:** (१) सामाजिक सञ्जाल प्लेटफर्म सञ्चालकले देहायका शर्तहरु पालना गर्नु पर्नेछः-

(क) प्रचलित कानून विपरीतका सूचना, विज्ञापन र सामग्रीको प्रकाशन वा प्रसारण रोक्ने गरी सामाजिक सञ्जालमा एलगोरिदम (कलन विधि) विकास गर्ने वा अन्य उपाय अवलम्बन गर्ने,

(ख) सामाजिक सञ्जाल प्रयोगकर्ताका वैयक्तिक विवरणको गोपनीयता कायम राख्न आवश्यक सुरक्षा मापदण्ड अवलम्बन गर्ने र यस्ता विवरण सार्वजनिक गर्न वा अन्य प्रयोजनमा प्रयोग गर्न नहुने,

(ग) सामाजिक सञ्जाल प्रयोगकर्ताको हित र सुरक्षाको लागि आवश्यक सचेतना र शिक्षामूलक सामग्री सामाजिक सञ्जाल प्लेटफर्ममा निरन्तर रुपमा प्रकाशन वा प्रसारण गर्ने,

(घ) सामाजिक सञ्जालको प्रयोगका क्रममा आएका गुनासो सम्बोधनको यथोचित व्यवस्था गर्ने,

(ङ) नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता, सामाजिक तथा धार्मिक सद्भाव विरुद्ध हुने वा सामाजिक तथा धार्मिक सद्भाव भड्काउने सामग्री प्रकाशन वा प्रसारणमा रोक लगाउने,

(च) सामाजिक सञ्जाल प्लेटफर्ममा प्रकाशन वा प्रसारण भएका सामग्रीको तथ्यको जाँच गर्ने,

(छ) सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्न अन्तर्राष्ट्रिय रूपमा विकसित सान्टाक्लारा सिद्धान्तको परिपालना गर्ने,

(ज) सामाजिक सञ्जाल प्लेटफर्म सञ्चालनबाट हुने कारोबारको भुक्तानी बैङ्किङ प्रणालीबाट गर्ने,

(झ) तोकिए बमोजिमका अन्य शर्तहरु।

(२) सामाजिक सञ्जाल प्लेटफर्म सञ्चालकले यस दफा बमोजिमका शर्तहरु पालना नगरेमा मन्त्रालयले त्यस्तो प्लेटफर्म सञ्चालकलाई दश लाख रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम जरिबाना गर्नुअघि आफ्नो सफाइ पेस गर्ने मनासिब मौका दिनु पर्नेछ।

१७. **<u>सामाजिक सञ्जालबाट हटाउनु पर्ने:</u>** (१) सामाजिक सञ्जाल प्लेटफर्म सञ्चालकले सामाजिक सञ्जालमा प्रकाशन वा प्रसारण भएको देहायको कुनै सामग्री तोकिएको अवधिभित्र सामाजिक सञ्जालबाट हटाउनु पर्नेछः-

(क) परिच्छेद-४ विपरीत सामाजिक सञ्जालमा प्रकाशन वा प्रसारण भएको भनी जानकारीमा आएको वा गुनासो प्राप्त भएको सामग्री,

(ख) सामाजिक सञ्जाल व्यवस्थापन केन्द्र र सम्बद्ध निकायले सामाजिक सञ्जालबाट अस्थायी वा स्थायी रुपमा हटाउन निर्देशन दिएको सामग्री।

(२) उपदफा (१) को खण्ड (क) बमोजिम प्राप्त गुनासोको आधारमा सामाजिक सञ्जाल प्लेटफर्मबाट त्यस्तो सामग्री नहटाइएमा सम्बन्धित व्यक्तिले सामाजिक सञ्जाल व्यवस्थापन केन्द्र वा सम्बद्ध निकाय समक्ष उजुर गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त उजुरी उपर जाँचबुझ गर्दा त्यस्तो सामग्री हटाउन मनासिब देखिएमा सामाजिक सञ्जाल व्यवस्थापन केन्द्र वा सम्बद्ध निकायले त्यस्तो सामग्री हटाउन सम्बन्धित सामाजिक सञ्जाल प्लेटफर्मको सम्पर्क विन्दुलाई निर्देशन दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम निर्देशन प्राप्त भएमा सम्बन्धित सम्पर्क बिन्दुले तुरुन्त त्यस्तो सामग्री हटाउनु पर्नेछ।

(५) यस दफा बमोजिम सामाजिक सञ्जाल प्लेटफर्मबाट हटाउन निर्देशन दिइएको सामग्री नहटाउने सामाजिक सञ्जाल प्लेटफर्मलाई मन्त्रालयले पटकै पिच्छे दश लाख रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ।

तर त्यसरी जरिबाना गर्नुअघि आफ्नो सफाइ पेस गर्ने मनासिब मौका दिनु पर्नेछ।

**१८. <u>सम्पर्क विन्दु (पोइन्ट अफ कन्ट्याक्ट) को व्यवस्था गर्नु पर्नेः</u>** (१) सामाजिक सञ्जाल प्रयोगको सम्बन्धमा आएका गुनासो सम्बोधन गर्ने प्रयोजनको लागि सामाजिक सञ्जाल प्लेटफर्म सञ्चालकले नेपालभित्र सम्पर्क विन्दु (पोइन्ट अफ कन्ट्याक्ट) को व्यवस्था गर्नु पर्नेछ।

(२) कुनै व्यक्ति, संस्था वा निकायलाई उपदफा (१) बमोजिमको सम्पर्क विन्दुको रुपमा तोक्न सकिनेछ।

(३) यो ऐन प्रारम्भ हुँदाका बखत नेपालमा कार्यालय नभएका सामाजिक सञ्जाल प्लेटफर्म सञ्चालकले तीन महिनाभित्र सम्पर्क विन्दु स्थापना गर्ने वा सम्पर्क व्यक्ति तोक्नु पर्नेछ।

(४) सामाजिक सञ्जाल व्यवस्थापन केन्द्र वा सम्बद्ध संस्थाले सामाजिक सञ्जाल प्लेटफर्म सञ्चालकसँग सम्पर्क गर्दा सम्पर्क विन्दु मार्फत गर्न सक्नेछ।

(५) सम्पर्क विन्दुमा तथ्य जाँच (फ्याक्ट चेकिङ्ग) संयन्त्रको व्यवस्था गरी सोही आधारमा गुनासोको सुनुवाइ गर्नु पर्दछ।

(६) सम्पर्क विन्दुले सामाजिक सञ्जालको सदुपयोग सम्बन्धमा समय समयमा सार्वजनिक जानकारी गराउनु पर्नेछ।

**१९. <u>सामाजिक सञ्जाल प्लेटफर्मले गुनासो व्यवस्थापन गर्नेः</u>** (१) नेपालमा सञ्चालनमा रहेका सामाजिक सञ्जाल प्लेटफर्मले आफ्ना प्रयोगकर्ताको गुनासो व्यवस्थापनको लागि द्रुत प्रतिकार्य सहितको प्रभावकारी संयन्त्र निर्माण गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम गुनासो व्यवस्थापनको लागि प्रत्येक समाजिक सञ्जाल प्लेटफर्मले आफ्नो सम्पर्क विन्दु (पोइन्ट अफ कन्ट्याक्ट) मा कम्तीमा एकजना आवासीय गुनासो सुन्ने अधिकारी र स्वनियमन परिपालनाको निगरानी गर्ने अधिकारीको व्यवस्था गर्नु पर्नेछ।

(३) सम्पर्क विन्दुको ठेगाना परिवर्तन हुँदा वा गुनासो सुन्ने अधिकारी परिवर्तन हुँदा सोको सूचना सामाजिक सञ्जाल व्यवस्थापन केन्द्र र सम्बद्ध निकायलाई दिई सर्वसाधारणको जानकारीको लागि सार्वजनिक रुपमा प्रचार प्रसार गर्नु पर्नेछ।

## परिच्छेद-५

## <u>सामाजिक सञ्जाल प्रयोगकर्ताले पालना गर्नु पर्ने शर्तहरु</u>

**२०. <u>सामाजिक सञ्जाल प्रयोगकर्ताले पालना गर्नु पर्ने शर्तहरुः</u>** (१) सामाजिक सञ्जाल प्रयोगकर्ताले सामाजिक सञ्जाल प्रयोग गर्दा देहायका शर्तहरु पालना गर्नु पर्नेछः-

(क) अरूलाइ होच्याउने नियतले अपमानजनक शब्द, श्रव्यदृष्य, तस्विर, ट्रोल बनाई घृणायुक्त अभिव्यक्ति, गाली बेइज्जती वा हेट स्पीच मानिने कार्य नगर्ने,

(ख) मिथ्या सूचना, भ्रामक सूचना, दुष्प्रचार, सूचना तोडमरोड गरी प्रकाशन वा प्रसारण नगर्ने,

(ग) प्रचलित कानूनले निषेध गरेका वस्तुहरुको विज्ञापन तथा कारोबार नगर्ने,

(घ) प्रचलित कानूनले निषेध गरेका क्रियाकलापहरू नक्कल वा सेयर नगर्ने,

(ङ) नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय सुरक्षा, राष्ट्रिय एकता, स्वाधीनता, स्वाभिमान वा राष्ट्रिय हित वा सङ्घीय इकाइ बीचको सु-सम्बन्धमा प्रतिकूल असर हुने

गरी वा वर्गीय, जातीय, धार्मिक, क्षेत्रीय, साम्प्रदायिक र यस्तै अरु कुनै आधारमा घृणा, द्वेष वा अवहेलना उत्पन्न हुने कुनै काम कारबाही गर्न वा गराउन वा त्यस्तो गर्ने उद्योग गर्न वा दुरुत्साहन गर्न वा त्यस्तो काम गर्ने षडयन्त्र गर्न वा विभिन्न जात, जाति वा सम्प्रदाय बीचको सु-सम्बन्धमा खलल पार्ने विषय सामाजिक सञ्जालमा सम्प्रेषण गर्न नहुने,

(च) तोकिए बमोजिमका अन्य शर्तहरु।

(२) उपदफा (१) बमोजिमको कुनै कार्य अन्य व्यक्तिले गरेको कुरा जानीजानी सेयर, लाइक, रिपोस्ट, लाइभ ब्रोडकास्ट, ट्याग, मेन्सन, सब्सक्राइब र कमेन्ट गर्ने लगायतका कार्य गर्न वा गराउन हुदैन।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सामाजिक सञ्जालमा प्रचलित कानून तथा सार्वजनिक सदाचार र नैतिकताको प्रतिकूल नहुने प्रकृतिका सूचनामूलक, तथ्यपरक, शिक्षामूलक, अध्ययन तथा अनुसन्धानात्मक तथा सञ्चारजन्य विवरण शब्द, चित्र, सङ्केत, अडियो वा भिडियो लगायतका सामग्री प्रकाशन वा प्रसारण गर्न र सोको सेयर, लाइक, रिपोस्ट, लाइभ ब्रोडकास्ट, सब्सक्राइब, कमेन्ट, ट्याग, ह्यासट्याग गर्ने लगायतका कार्य गर्न बाधा पुग्ने छैन ।

२१. **साइबर बुलिङ वा अनलाइन बुलिङ गर्न नहुने:** (१) कसैले साइबर बुलिङ वा अनलाइन बुलिङ गर्न हुदैन।

(२) कसैले कसैलाई इन्टरनेट जडित डिजिटल उपकरणको माध्यमबाट साइबरस्पेसमा सामाजिक सञ्जालको प्रयोग गरी गलत र हानीकारक शब्द, वाक्य, अक्षर, चिन्ह, चित्र, तस्बिर, स्केच, फोटो, अडियो, भिडियो, अडियो-भिजुअल, सङ्केत वा सन्देश पठाउने, पोष्ट गर्ने, सेयर गर्ने कार्यबाट सताउने, तर्साउने, धम्काउने,लज्जित गराउने, अपमान गर्ने कार्य गरेमा उपदफा (१) बमोजिम साइबरबुलिङ गरेको मानिनेछ।

२२. **बेनामी वा छद्मभेषी पहिचान (फेक आइडी) बनाउन वा प्रयोग गर्न नहुने:** (१) कसैले बेनामी वा छद्मभेषी पहिचान (फेक आइडी, पेज, ग्रुप) सिर्जना गर्ने, बेनामी वा छद्मवेशी पहिचान (फेक आइडी, पेज, ग्रुप) मार्फत विषयवस्तु (कन्टेन्ट) उत्पादन गरी सेयर गर्ने वा अरूको विषयवस्तु (कन्टेन्ट) सेयर गर्ने वा टिप्पणी (कमेन्ट) गर्ने वा कल गर्ने कार्य गर्नु हुँदैन।

(२) कसैले आफ्नो वास्तविक परिचय लुकाई अवास्तविक वा अरु कसैको नाम, तस्वीर वा दुवै दुरुपयोग गरी सामाजिक सञ्जालमा आइडी वा पेज वा ग्रुप खोल्न वा प्रयोग गर्न हुदैन।

तर प्रचलित कानून बमोजिम दर्ता भएको संघसंस्थाले आफ्नो रजिष्टर्ड नाम वा लोगो प्रयोग गर्न यस उपदफाले रोक लगाएको मानिनेछैन।

२३. **सामाजिक सञ्जालमा सामाजिक सद्भाव र सहिष्णुतामा आँच आउने कार्य गर्न नहुने:** (१) कसैले सामाजिक सञ्जालमा सामाजिक सद्भाव र सहिष्णुतामा आँच आउने कार्य गर्नु हुदैन।

(२) कसैले सामाजिक सञ्जालको प्रयोग गरी कुनै समुदाय, जातजाति, लिङ्ग, धर्म, उमेर, वर्ण, वर्ग, पेशा, सम्प्रदाय, वैवाहिक अवस्था, पारिवारिक अवस्था, शारीरिक तथा मानसिक अवस्था, उत्पत्ति, यौनिक अल्पसंख्यक, भाषाभाषी तथा कानूनले संरक्षण गरेका अन्य समूह वा वर्गलाई लक्षित गरी घृणा फैलाउने, सामाजिक सद्भाव र सहिष्णुतामा आँच आउने प्रकृतिका अभिव्यक्ति दर्शाउने शब्द, श्रव्य दृश्य, तस्विर सेयर

गर्ने एवम् ट्रोल बनाइ प्रकाशन वा प्रसारण गरेमा सामाजिक सद्भाव र सहिष्णुतामा आँच आउने कार्य गरेको मानिनेछ।

२४. **सामाजिक सञ्जालमा बालश्रम, मानव बेचबिखन, बहुविवाह, बालविवाह वा जातीय छुवाछुतलाई प्रोत्साहन गर्न नहुने:** कसैले सामाजिक सञ्जालमा बालश्रम, मानव बेचबिखन, बहुविवाह, बालविवाह वा जातीय छुवाछुतलाई प्रोत्साहित गर्नु हुदैन।

२५. **सामाजिक सञ्जालमा बालबालिकालाई हानी पुऱ्याउने सामग्री प्रकाशन वा प्रसारण गर्न नहुने:** कसैले सामाजिक सञ्जालमा बाल यौन शोषण, यौन दुर्व्यवहार, मानव बेचबिखन वा बालबालिकालाई हानी पुऱ्याउने अन्य कर्यलाई प्रोत्साहन गर्नु हुदैन।

२६. **महिलालाई हानी पुऱ्याउने सामग्री प्रकाशन वा प्रसारण गर्न नहुने:** कसैले सामाजिक सञ्जालको प्रयोग गरी लैङ्गिक हिंसा, यौन दुर्व्यवहार, देह व्यापार लगायत प्रचलित कानून बमोजिम निषेध गरिएका क्रियाकलापहरु प्रकाशन वा प्रसारण गर्नु हुदैन।

२७. **लागू औषध सेवन तथा कारोबार गर्न प्रोत्साहन गर्न नहुने:** कसैले सामाजिक सञ्जालमा लागू औषध सेवन तथा कारोबार गर्न प्रोत्साहन गर्नु हुदैन।

२८. **जुवा खेलाउने वा जुवा खेल्न प्रोत्साहन गर्न नहुने:** कसैले सामाजिक सञ्जालको प्रयोग गरी जुवा खेलाउने वा जुवा खेल्न प्रोत्साहन गर्नु हुदैन।

२९. **आतङ्कवाद सम्बन्धी विषयवस्तुको प्रकाशन वा प्रसारण गर्न नहुने:** कसैले सामाजिक सञ्जालको प्रयोग गरी आतङ्कवाद सम्बन्धी विषयवस्तुको प्रकाशन वा प्रसारण गर्नु हुदैन।

३०. **कसैको आइडी तथा सूचना ह्याक गर्न नहुने**: कसैले सामाजिक सञ्जाल प्रयोग गरी कसैको आइडी तथा सूचना ह्याक गर्नु हुदैन।

**स्पष्टीकरण:** यस दफाको प्रयोजनको लागि "ह्याक" भन्नाले कसैको कम्प्युटर प्रणाली वा सञ्जालको पासवर्ड वा सिरियल नम्बर क्र्याक गरी त्यस्तो कम्प्युटर प्रणाली वा सञ्जालको गुप्त संकेत व्यवस्थाको पासवर्ड वा सिरियल नम्बर चोरी गरी त्यस्तो कम्प्युटर प्रणाली वा सञ्जालमा अनधिकृत रुपमा पहुँच गरी तथ्याङ्क भण्डारमा हस्तक्षेप गर्ने कार्य सम्झनु पर्छ।

३१. **फिसिङ वा इम्पोष्टर स्क्याम गर्न नहुने:** कसैले सामाजिक सञ्जालको प्रयोग गरी फिसिङ वा इम्पोष्टर स्क्याम गर्नु हुदैन।

**स्पष्टीकरण:** यस दफाको प्रयोजनको लागि,-

(१) "फिसिङ" भन्नाले विद्युतीय सञ्चार माध्यममा कुनै कुरा सत्य हो भन्ने भान पारेर व्यक्तिलाई आकर्षित गरी व्यक्तिको युजरनेम र पासवोर्ड, क्रेडिट कार्ड नम्बर, बैंक एकाउन्ट जस्ता संवेदनशील सूचना प्राप्त गर्ने कार्य सम्झनु पर्छ।

(२) "इम्पोष्टर स्क्याम" भन्नाले कुनै व्यक्तिले अरू कसैबाट पैसा चोर्ने उद्देश्यले फोन कल वा इमेलद्वारा आफु चिनजान भएको वा विश्वास गर्न योग्य व्यक्ति भएको भन्ने भान पारी उपहार वा पुस्कार पठाउनका लागि भनी व्यक्तिगत पासवर्ड र संवेदनशील जानकारी लिई पछि कुनै रकम माग गर्ने ठगी गर्ने कार्य सम्झनु पर्छ।

३२. **बीभत्स तस्विर, भिडियो पोस्ट वा सेयर गर्न नहुने:** कसैले सामाजिक सञ्जालको प्रयोग गरी बीभत्स तस्विर वा भिडियो पोस्ट वा सेयर गर्नु हुदैन।

३३. **निर्वाचनलाई प्रभावित पार्न नहुने:** (१) कसैले सामाजिक सञ्जालको प्रयोग गरी मिथ्या सूचना, दूष्प्रचार, सूचना तोडमरोड, द्वेषपूर्ण अभिव्यक्ति दिइ निर्वाचनलाई प्रभावित पार्न हुदैन।

(२) प्रचलित कानून बमोजिम प्रचारप्रसारमा रोक लगाइएको सामग्री सामाजिक सञ्जालमार्फत प्रचार प्रसार गर्नु वा गराउनु हुदैन।

३४. **विपदको समयमा अफवाह फैलाउन नहुने:** कसैले सामाजिक सञ्जालको प्रयोग गरी विपदको समयमा मिथ्या सूचना, दूष्प्रचार, घटनाको तोडमरोड गरी अफवाह फैलाउन हुदैन।

३५. **अश्लील, मिथ्या वा भ्रामक सामग्री प्रकाशन तथा प्रसारण गर्न नहुने:** कसैले सामाजिक सञ्जालको प्रयोग गरी अश्लील शब्द, तस्वीर, भिडियो, अडियो एनिमेसन प्रसारण, प्रकाशन, टिप्पणी गर्ने, मिथ्या सूचना, भ्रामक सूचना, दुष्प्रचार, सूचना तोडमरोड गरी प्रकाशन वा प्रसारण गर्न हुँदैन।

३६. **मानहानी गर्न नहुने:** कसैले सामाजिक सञ्जालको प्रयोग गरी कुनै व्यक्तिको मान प्रतिष्ठा, इज्जतमा आँच आउने कार्य गर्न हुदैन।

३७. **अर्काको कुरा सुन्न वा ध्वनि अङ्कन गर्न नहुने:** कसैले सामाजिक सञ्जालको प्रयोग गरी दुई वा दुई भन्दा बढी व्यक्तिहरुका बीचमा भएका कुनै कुरा अधिकार प्राप्त अधिकारीको अनुमतिले वा त्यसरी कुरा गर्ने व्यक्तिहरुको मञ्जुरी विना कूनै यन्त्रिक उपकरणको प्रयोग गरेर सुन्न वा त्यस्तो कुराको ध्वनि अङ्कन गर्न हुदैन।

तर सार्वजनिक रुपमा गरिएको भाषण वा वक्तव्यको हकमा यो दफा लागु हुने छैन।

३८. **गोप्य कुरा प्रकट गर्न नहुने:** कसैले आफ्नो व्यवसायिक कामको शिलशिलामा कुनै व्यक्तिबाट थाहा पाएको निजको कुनै गोप्य कुरा कानूनले बाध्य गराएको वा त्यस्तो व्यक्तिले अनुमति दिएको अवस्थामा बाहेक सामाजिक सञ्जालमार्फत कसैलाई पनि प्रकट गर्नु हुदैन।

३९. **तस्बीरको स्वरुप बिगारी प्रकाशन वा प्रसारण गर्न नहुने:** (१) कसैले कुनै व्यक्तिको अनुमति बिना निजको निजको तस्बीरसँग अरु कसैको तस्बीर राखी अर्को तस्बीर बनाउन वा सामाजिक सञ्जालमा प्रकाशन र प्रसारण गर्न हुदैन।

तर कसैले कुनै सार्वजनिक स्थानको तस्बीर खिच्दा त्यस्तो स्थानमा रहेको कुनै व्यक्ति समेतको तस्बीर खिचिन गएको रहेछ भने यस दफा बमोजिम कसूर गरेको मानिने छैन।

(२) कसैले एकको तस्बीरको केही भाग अर्को व्यक्तिको अर्को भागसँग राखी वा अन्य कुनै किसिमले विकृत रुपको तस्बीर बनाउन वा सामाजिक सञ्जालमा प्रकाशन र प्रसारण गर्न हुदैन।

४०. **अनुमति विना एकको तस्वीर अर्कोलाई दिन वा विक्री गर्न नहुने:** कसैले सामाजिक सञ्जालको प्रयोग गरी कुनै व्यक्तिको तस्वीर निजको अनुमति विना अरुलाई दिन वा विक्री गर्न वा निजलाई झिझ्याउन वा सताउने,हैरान पार्ने वा निजबाट कुनै अनुचित फाइदा लिने वा तस्वीरको व्यापारिक प्रयोग गरी फाइदा लिने नियतले प्रकाशन गर्न, प्रचार वा खरिद विक्री गर्न हुदैन।

४१. **गाली बेइज्जती गर्न नहुने:** कसैले सामाजिक सञ्जालको प्रयोग गरी अरू कसैलाई गाली बेइज्जती गर्न हुदैन।

**स्पष्टीकरण:** यस दफाको प्रयोजनका लागि कसैले कसैलाई होच्याउने नियतले अपमानजनक शब्दको प्रयोग गरेमा गाली गरेको मानिनेछ।

४२. **<u>वैयक्तिक गोपनीयता भङ्ग गर्न नहुने:</u>** (१) कसैले सामाजिक सञ्जालको प्रयोग गरी कसैको वैयक्तिक गोपनीयता भङ्ग गर्न हुदैन।

(२) कसैको सामाजिक सञ्जालको प्रयोग गरी कसैको जीउज्यान, परिवार, आवास, सम्पत्ति, लिखत, तथ्याङ्क, पत्राचार वा तथ्याङ्कको गोपनीयता भङ्ग गरेमा उपदफा (१) बमोजिम वैयक्तिक गोपनीयता भङ्ग गरेको मानिनेछ।

परिच्छेद-६

**<u>कसूर र सजाय</u>**

४३. **<u>कसूर गरेको मानिने:</u>** कसैले देहायको कार्य गरेमा वा गराएमा यस ऐन बमोजिमको कसूर गरेको मानिनेछः-

(क) दफा ९ बमोजिम रोक लगाइएको सामाजिक सञ्जाल सञ्चालन गर्ने,

(ख) दफा १५ विपरीत अनलाइन बुलिङ वा साइबर बुलिङ गर्ने,

(ग) दफा १६ विपरीत बेनामी वा छद्मभेषी पहिचान बनाई वा प्रयोग गरी प्रचलित कानून बमोजिम अपराध मानिने कार्य गरेमा,

(घ) दफा १७ विपरीत सामाजिक सञ्जालमा सामाजिक सद्भाव र सहिष्णुतामा आँच आउने कार्य गरेमा,

(ङ) दफा १८ विपरीत सामाजिक सञ्जालमा बालश्रम, मानव बेचबिखन, बहुविवाह, बालविवाह वा जातीय छुवाछुतलाई प्रोत्साहन गरेमा,

(च) दफा १९ विपरीत सामाजिक सञ्जालमा बाल यौन शोषण, यौन दुर्व्यवहार, मानव बेचबिखन वा बालबालिकालाई हानी पुऱ्याउने अन्य कर्यलाई प्रोत्साहन गरेमा,

(छ) दफा २० विपरीत सामाजिक सञ्जालमा महिलालाई हानी पुग्ने सामग्री प्रकाशन वा प्रसारण गरेमा,

(ज) दफा २१ विपरीत सामाजिक सञ्जालमा लागू औषध सेवन तथा कारोबार गर्न प्रोत्साहन गरेमा,

(झ) दफा २२ विपरीत सामाजिक सञ्जालको प्रयोग गरी जुवा खेलाएमा वा जुवा खेल्न प्रोत्साहन गरेमा,

(ञ) दफा २३ विपरीत सामाजिक सञ्जालको प्रयोग गरी आतङ्कवाद सम्बन्धी विषयवस्तुको प्रकाशन वा प्रसारण गरेमा,

(ट) दफा २४ विपरीत सामाजिक सञ्जाल प्रयोग गरी कसैको आइडी तथा सूचना ह्याक गरेमा,

(ठ) दफा २५ विपरीत फिसिङ वा इम्पोष्टर गरेमा,

(ड) दफा २६ विपरीत सामाजिक सञ्जालको प्रयोग गरी बीभत्स तस्विर वा भिडियो पोस्ट वा सेयर गरेमा,

(ढ) दफा २७ विपरीत सामाजिक सञ्जालको प्रयोग गरी निर्वाचनलाई प्रभावित गरेमा,

(ण) दफा २८ विपरीत विपद्को समयमा अफवाह फैलाएमा,

(त) दफा २९ विपरीत अश्लील, भ्रामक वा मिथ्या सामग्री प्रकाशन वा प्रसारण गरेमा,

(थ) दफा ३० विपरीत सामाजिक सञ्जालको प्रयोग गरी कसैको मानहानी गरेमा,

(द) दफा ३१ विपरीत यान्त्रिक उपकरण मार्फत अर्काको कुरा सुनी ध्वनी अङ्कन गरेमा,

(ध) दफा ३२ विपरीत सामाजिक सञ्जालमा गोप्य कुरा प्रकट गरेमा,

(न) दफा ३३ विपरीत तस्बिरको स्वरुप बिगारी प्रकाशन वा प्रसारण गरेमा,

(ऩ) दफा ३४ विपरीत एकको तस्बिर अर्कोलाई दिएमा वा बिक्री गरेमा,

(प) दफा ३५ विपरीत गाली बेइज्जती गरेमा,

(फ) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियममा उल्लिखित शर्त पालना नगर्ने।

४४. **सजायः** (१) दफा ४४ बमोजिमको कसूर गर्ने वा गराउनेलाई देहाय बमोजिमको सजाय हुनेछः-

(क) दफा ४४ को खण्ड (क) बमोजिमको कसूर गर्नेलाई पच्चीस लाख रुपैयाँसम्म जरिबाना,

(ख) खण्ड (क) मा लेखिएदेखि बाहेक अन्य कसूर गर्नेलाई पाँच लाख रुपैयाँसम्म जरिबाना।

(२) दफा ४४ बमोजिमको कसूर गर्न कसैलाई दुरुत्साहन गर्ने, उद्योग गर्ने, षडयन्त्र गर्ने वा त्यस्तो कसूर गर्न सघाउने वा अन्य कुनै व्यहोराले मतियार भई कार्य गर्ने व्यक्तिलाई मुख्य कसूरदारलाई हुने सजायको आधा सजाय हुनेछ।

(३) दफा ४२ बमोजिमको कसूर गर्ने व्यक्तिलाई प्रचलित कानून बमोजिम थप अनुसन्धान तथा कारबाही गर्नको लागि सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ।

४५. **थप सजाय हुनेः** (१) दफा ४४ बमोजिमको कुनै कसूर एक पटकभन्दा बढी गर्ने कसूरदारलाई पटकै पिच्छे दफा ४५ बमोजिम हुने जरिबानाको दोब्बर जरिबाना हुनेछ।

(२) सार्वजनिक पदधारण गरेको कुनै व्यक्तिले दफा ४४ बमोजिमको कुनै कसूर गरेमा त्यस्तो कसूरदारलाई दफा ४५ बमोजिम हुने जरिबानाको दोब्बर जरिबाना हुनेछ।

४६. **सङ्गठित संस्थाको प्रमुखले दायित्व बेहेर्नु पर्नेः** कुनै फर्म, कम्पनी वा सङ्गठित संस्थाले यस ऐन वा कानून बमोजिम कसूर मानिने कुनै काम गरेको वा गराएकोमा जसले त्यस्तो काम गरे वा गराएको हो सोही व्यक्ति जिम्मेवार हुनेछ र त्यस्तो व्यक्ति किटान हुन नसकेमा फर्मको हकमा त्यस्ता काम गर्ने सम्बन्धित धनी वा हिस्सेदारहरु र कम्पनी वा सङ्गठित संस्था भए त्यस्तो काम गर्ने वा गराउने सञ्चालक, प्रबन्ध सञ्चालक, महाप्रबन्धक र त्यस्तो व्यक्ति पनि किटान हुन नसकेमा त्यस्तो संस्थाको कार्यकारी प्रमुखले आपराधिक दायित्व व्यहोर्नु पर्नेछ।

४७. **प्रचलित कानून बमोजिम सजाय गर्न बाधा नपर्नेः** यस ऐन अन्तर्गत कसूर ठहरिने कुनै काम अन्य कुनै प्रचलित कानून बमोजिम पनि कसूर ठहरिने रहेछ भने त्यस्तो कसूर उपर छुट्टै कारबाही चलाई सजाय गर्न यस ऐनले बाधा पुऱ्याएको मानिने छैन।

४८. **क्षतिपूर्ति भराउनु पर्ने** : यस ऐन बमोजिम कसूर गरेको कारणबाट कसैलाई कुनै किसिमको हानि, नोक्सानी, हैरानी वा क्षति भएको रहेछ भने त्यस्तो हानि, नोक्सानी, हैरानी वा क्षतिको क्षतिपूर्ति सम्बन्धित कसूरदारबाट भराई दिनु पर्नेछ।

४९. **नेपाल सरकार वादी हुने**: (१) यस ऐन बमोजिमको कसूरसँग सम्बन्धित मुद्दामा नेपाल सरकार वादी हुनेछ।

(२) उपदफा (१) बमोजिमको मुद्दा मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को अनुसूची–१ मा समावेश भएको मानिनेछ।

५०. **मुद्दा हेर्ने अधिकारी**: यस ऐन बमोजिमको कसूरसँग सम्बन्धित मुद्दाको कारवाही र किनारा गर्ने अधिकार जिल्ला अदालतलाई हुनेछ।

५१. **पुनरावेदन लाग्ने**: (१) जिल्ला अदालतले गरेको निर्णय उपर चित्त नबुझ्ने पक्षले त्यस्तो आदेश वा निर्णय भएको मितिले पैंतीस दिनभित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको पुनरावेदन सुन्नको लागि उच्च अदालतले सूचना प्रविधि सम्बन्धी विशेष इजलास तोक्नु पर्नेछ।

परिच्छेद-५

**अनुसन्धान तथा प्रमाण सङ्कलन**

५२. **अनुसन्धान अधिकृत**: यस ऐन बमोजिमको कसूर सम्बन्धी मुद्दाको अनुसन्धान सूचना प्रविधि सम्बन्धी ज्ञान भएको कम्तीमा प्रहरी निरीक्षकस्तरको अधिकारीले गर्नेछ।

५३. **विद्युतीय प्रमाणको ग्राह्यता:** प्रचलित कानून बमोजिम कुनै पनि कसूर विरुद्धको कारवाहीको क्रममा विद्युतीय प्रणालीबाट सिर्जना भएको विद्युतीय वा अन्य कुनै स्वरुपमा रहेको कुनै सूचना वा तथ्याङ्क प्रमाणको रुपमा ग्राह्य हुनेछ।

५४. **खानतलासी तथा जफत:** (१) अनुसन्धान अधिकृतले कुनै कसूर प्रमाणित गर्न प्रमाणमा लाग्न सक्ने कुनै विद्युतीय उपकरण वा सूचना वा अन्य त्यस्तै वस्तु रहेको स्थानमा प्रवेश गरी खानतलासी लिन, विद्युतीय उपकरण वा सूचना वा अन्य त्यस्तै वस्तु जफत गर्नु परेमा अदालतको अनुमति लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको खानतलासी तथा जफतका लागि अनुमति लिन अनुसन्धान अधिकृतले त्यस्तो खानतलासी तथा जफत गर्न आवश्यक रहेको पुष्टि गर्ने तत्काल प्राप्त प्रमाण वा विश्वसनीय आधार सहित अदालत समक्ष निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको निवेदनसाथ प्राप्त प्रमाण तथा आधारमा अदालत विश्वस्त भएमा उपदफा (१) बमोजिमको खानतलासी तथा जफतको लागि अनुसन्धान अधिकृतलाई अनुमति दिन सक्नेछ।

(४) अनुसन्धान अधिकृतले उपदफा (१) बमोजिम खानतलासी वा जफत गर्दा देहाय बमोजिमको कार्य यथाशीघ्र गर्नु पर्नेछः—

(क) जफत गरेको मिति र समय खुलाई कब्जामा लिएको वस्तुहरुको सूचि तयार गर्ने,

(ख) खण्ड (क) बमोजिमको सूचिको एक प्रति नक्कल उक्त वस्तुहरुको स्वामित्व रहेको व्यक्तिलाई दिने,

(ग) खानतलासी गरिएको स्थान नियन्त्रणमा राख्ने,

(घ) कब्जामा लिएको वस्तुहरुको संरक्षणको प्रत्याभूति गर्ने।

(५) अदालतबाट आदेश भई आएमा विद्युतीय उपकरण नियन्त्रण वा जिम्मामा रहेको व्यक्ति वा निजको अख्तियारवाला कुनै व्यक्तिलाई उक्त विद्युतीय उपकरणमा रहेको कुनै विद्युतीय प्रणालीमा रहेको सूचनामा पहुँच प्राप्त गर्न वा उक्त सूचनाको प्रतिलिपि दिनुपर्नेछ।

(६) उपदफा (१) बमोजिम खानतलासी लिने अनुसन्धान अधिकृतलाई खानतलास गरिएको सूचना अर्को कुनै विद्युतीय प्रणालीमा रहेको वा त्यस्तो प्रणालीको कुनै अंश क्षेत्राधिकार भित्रै रहेको अर्को कुनै प्रणालीमा रहेको वा त्यस्तो सूचना प्रारम्भिक प्रणालीबाट कानून बमोजिम पहुँच राख्न सकिने अर्को प्रणालीमा

रहेको विश्वास लागेमा निजले यथाशिघ्र त्यस्तो खानतलासी विस्तार गरी त्यस्तो प्रणालीमा पहुँच राख्न सक्नेछ।

**५५. सहयोग गर्नुपर्नेः** अनुसन्धान अधिकृतले खानतलासीको क्रममा कुनै विद्युतीय उपकरण वा सूचना उक्त मुद्दामा आरोपित नरहेको व्यक्तिको कब्जा वा नियन्त्रणमा रहेको पाएमा त्यस्तो व्यक्तिले अनुसन्धान अधिकृतलाई विद्युतीय उपकरण वा विद्युतीय तथ्याङ्कसम्मको पहुँच पु-याउन वा प्रयोग गर्न वा प्रतिलिपि उतार गर्न, ईन्क्रिप्ट गरिएको सूचनालाई डिक्रिप्ट गर्न अनुमति दिई अन्य आवश्यक सहयोग गर्नु पर्नेछ।

**५६. झिकाउने आदेशः** (१) कुनै कसूरको अनुसन्धान वा अभियोजन प्रयोजनको लागि कुनै खास विद्युतीय प्रणाली, सूचना वा उपकरण आवश्यक रहेको कुरामा अदालत समक्ष पेश भएको प्रमाणको आधारमा अदालत विश्वस्त भएमा त्यस्तो विद्युतीय प्रणाली, सूचना वा उपकरण नियन्त्रणमा राखेको व्यक्तिलाई उक्त विद्युतीय प्रणाली, सूचना वा उपकरण पेश गर्न आदेश गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको विद्युतीय प्रणाली, सूचना वा उपकरण अदालत समक्ष पेश गर्नु सम्बन्धित व्यक्तिको कर्तब्य हुनेछ।

## परिच्छेद-६

## विविध

**५७. गुनासोको प्राथमिकताः** (१) यस ऐन बमोजिम सम्बद्ध निकाय, सम्पर्क विन्दु, प्लेटफर्म र ईकाइले गुनासो सुनुवाई सम्बन्धी कार्य गर्दा महिला, बालबालिका र यौनिक अल्पसंख्यकसँग सम्बन्धित गुनासोलाई प्राथमिकता दिनुपर्नेछ।

(२) विपद तथा सङ्कटग्रस्त अवस्थाको घोषणा भएको तथा माहामारी एवम् अन्य विशेष अवस्थामा प्रचलित कानुन बमोजिमको व्यवस्था परिपालना गर्नुपर्नेछ।

**५८. द्रुत प्रतिकार्य गर्नेः** (१) यस ऐन बमोजिमको कसूरबाट पीडितका अधिकारको तत्काल रक्षा गर्ने व्यवस्थाका लागि सम्बद्ध निकायले द्रुत प्रतिकार्य गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिकार्यका लागि सम्बद्ध निकायले टेलिफोन, इमेल, फ्याक्स वा सामाजिक सञ्जालबाट गुनासो सुन्न र त्यस्तो गुनासो उपर द्रुत प्रतिकार्य गर्नका लागि आवश्यक कर्मचारी सहितको छुट्टै कक्ष (हेल्प डेस्क) को व्यवस्था गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम द्रुत प्रतिकार्य गर्दा हेल्प डेस्कले कुनै सामाजिक सञ्जाल प्लेटफर्म वा कुनै अन्य निकायलाई सामाजिक सञ्जालमा सम्प्रेषण गरिएको कुनै सामग्री तत्काल हटाउन, कसैले हेर्न नमिल्ने गरी सङ्ग्रह गर्न वा पीडितको अधिकार रक्षाको लागि तत्काल कुनै उपयुक्त कार्य गर्न निर्देशन दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिमको निर्देशन पालना गर्नु वा गराउनु सम्बन्धित सामाजिक सञ्जाल प्लेटफर्मको कर्तव्य हुनेछ।

**५९. शिक्षा तथा सचेतनाको व्यवस्था मिलाउनु पर्नेः** (१) सामाजिक सञ्जाल प्रयोगकर्ताको हित र सुरक्षाको लागि देहायका कुनै वा सबै माध्यमबाट सचेतनाको व्यवस्था गर्ने जिम्मेवारी सामाजिक सञ्जाल व्यवस्थापन केन्द्र तथा सम्बद्ध नियामक निकायको हुनेछ।

(क) प्रकाशन तथा प्रसारण सामग्री,

(ख) वेबसाइट,

(ग) गोष्ठी, कार्यशाला,

(घ) लोककल्याणकारी विज्ञापन,

(ङ) सम्वाद कार्यक्रम,

(२) उपदफा (१) बमोजिम सञ्चालन हुने शिक्षा तथा सचेतना सम्वन्धमा नेपाल सरकार, शिक्षा तथा विज्ञान प्रविधि मन्त्रालय, प्रदेश सरकार अन्तर्गतको शिक्षा हेर्ने मन्त्रालय तथा स्थानीय तह अन्तर्गतको शिक्षा हेर्ने विभाग/महाशाखा/शाखाले समेत सचेतना र शिक्षा सम्वन्धमा आवश्यक सहयोग, समन्वय र सहजीकरण गर्नु पर्नेछ।

**६०. नियम बनाउने अधिकार** : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

**६१. निर्देशिका बनाई लागू गर्ने** : यस ऐनको उद्देश्य पूर्ति गर्नको लागि मन्त्रालयले यो ऐन तथा यस ऐन अन्तर्गत बनेका नियमहरुको अधीनमा रही आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ।

**६२. बाधा अड्काउ फुकाउने अधिकार**: यस ऐनको कार्यान्वयन गर्न कुनै वाधा अड्काउ परेमा नेपाल सरकारले सो बाधा अड्काउ फुकाउनको लागि नेपाल राजपत्रमा सूचना प्रकाशन गरी आदेश जारी गर्न सक्नेछ।

**६३. मुद्दा हेर्न बाधा नपर्ने** : यो ऐन प्रारम्भ हुनु अघि विद्युतीय कारोबार ऐन, २०६३ बमोजिमका मुद्दा हेर्न नेपाल सरकारले तोकेको जिल्ला अदालतमा विचाराधीन रहेका मुद्दा सोही जिल्ला अदालतले हेर्न यस ऐनले वाधा पुऱ्याएको मानिने छैन।

**६४. निर्देशन दिन सक्ने:** सामाजिक सञ्जाललाई व्यवस्थित गर्ने सम्बन्धमा मन्त्रालयले आवश्यक निर्देशन दिन सक्नेछ।